# मण्डनदेउपुर नगरपालिका
# MANDANDEUPUR MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

महादेवस्थान, काभ्रेपलाञ्चोक
Mahadevsthan, Kavrepalanchok
बागमती प्रदेश, नेपाल ।
Bagmati Province, Nepal

०११-१४१२११२
०११-१४१२११३
०११-१४१२११४


पत्र संख्याः २०८२/०८३
च.नं. :

मितिः २०८३।०१।०८
ने.स.११४६

**नगरकोट, नाल्दुम, र ठुलीचौर क्षेत्रको नक्साङ्कन, रेखाङ्कन तथा सिमाङ्कन सम्बन्धि मण्डनदेउपुर नगरपालिकाको सार्वजनिक सूचना।**

उपर्युक्त सम्बन्धमा मण्डनदेउपुर नगरपालिका नगरकार्यपालिकाको मिति २०८२/९/२४ गतेको निर्णयानुसार मण्डनदेउपुर नगरपालिका वडा नं.१, २ र ३ को माथिल्लो क्षेत्र (नगरकोट, नाल्दुम तथा ठुलीचौर क्षेत्र) को सार्वजनिक, सरकारी, निजी जग्गाहरु नापँ जाच गरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ (२) ढ बमोजिम सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्ने प्रयोजनका लागि नगर प्रमुख ज्यूको संयोजकत्वमा सम्बन्धित वडाको वडा अध्यक्षहरु समेत सदस्य रहने गरी समिति गठन भएको।

उक्त समितिको आयोजनामा जिल्ला नापी कार्यालय धुलिखेल, जिल्ला मालपोत कार्यालय धुलिखेल, डिभिजन वन कार्यालय धुलिखेलका प्रमुखहरुसमेतको उपस्थितिमा मिति २०८२/१२/२४ गते बैठक बसि सो क्षेत्रको जग्गा नापजाँच गर्नका लागि जिल्ला नापी कार्यालय धुलिखेलको नेतृत्वमा जिल्ला मालपोत कार्यालयको प्रतिनिधि, डिभिजन वन कार्यालयको प्रतिनिधि, मण्डनदेउपुर नगरपालिकाको प्रततिनिधि तथा सम्बन्धित विषय विज्ञ समेत रहने गरी प्राविधिक उप-समिति गठन गरी उक्त प्राविधिक उप-समितिको नेतृत्वमा सो क्षेत्रको जग्गा नक्सांकन, रेखाङ्कन र सिमाङ्कन कार्य तत्काल सुरु गर्ने निर्णय भएको हुदाँ उक्त कार्यका लागि त्यस क्षेत्रमा रहेका व्यवसायीहरु तथा नगरवासीहरुले आफ्नो स्वामित्वमा रहेको घर जग्गा तथा व्यवसायको तपसिल बमोजिमका कागजात सहित सूचना प्रकाशन भएको मितिले १० दिन भित्र यस मण्डनदेउपुर नगरकार्यपालिकाको कार्यालयको नापी शाखामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

- सम्बन्धित जग्गाधनी, व्यवसायीको जग्गा सिमाङ्कन गरीपाँउ भन्ने निवेदन,
- जग्गा धनि प्रमाण पूर्जा,
- नागरिकताको प्रतिलिपि,
- कित्ता नापि नक्सा,
- व्यवसाय दर्ता प्रमाण पत्र (व्यवसायिहरुको हकमा),
- तिरो तिरेको रसिद,
- नक्सापास सम्बन्धि विवरण (नक्सा पास भए/नभएको खुल्ने कागजात) ।

०१।०८
नगर प्रमुख
टोक बहादुर वाईबा
नगर प्रमुख